**Progressive Finance Limited**
प्रोग्रेशिभ फाइनान्स लिमिटेड

Pako Newroad, Kathmandu
GPO Box No., 10390
Tel : 4246402, 4241244, 4254929
Fax : 977-1-4246403
Email: info@pfltd.com.np

# Unaudited Financial Result (Quarterly)
## As at the Quarter Ended Poush, 2072

*Figures in '000*

| S.N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| **1.** | **Total Capital & Liabilities (1.1 to 1.7)** | **602658.85** | **527719.03** | **470779.26** |
| 1.1 | Paid-up Capital | 200160.00 | 200150.00 | 120000.00 |
| 1.2 | Reserves and Surplus | 190.40 | -17536.03 | -12389.91 |
| 1.3 | Debenture and Bond | | | |
| 1.4 | Borrowings | | | |
| 1.5 | Deposits (a+b) | 383050.56 | 304232.05 | 329867.95 |
| | a. Domestic Currency | 383050.56 | 304232.05 | 329867.95 |
| | b. Foreign Currency | | | |
| 1.6 | Income Tax Liabilities | 93.78 | 0.00 | 4104.77 |
| 1.7 | Other Liabilities | 19164.11 | 40873.00 | 29196.45 |
| **2.** | **Total Assets (2.1 to 2.7)** | **602658.85** | **527719.03** | **470779.26** |
| 2.1 | Cash & Bank Balance | 258334.41 | 241059.16 | 155688.14 |
| 2.2 | Money at call and short Notice | | | |
| 2.3 | Investments | 3427.56 | 2769.37 | 5057.15 |
| 2.4 | Loans & Advances (a+b+c+d+e+f) | 303478.94 | 248608.83 | 270841.48 |
| | a. Real Estate Loan | 0.00 | 0.00 | 0.00 |
| | 1. Residential Real Estate Loan (Except Personal Home Loan upto Rs 10 million) | | | |
| | 2. Business Complex & Residential Apartment Construction Loan | | | |
| | 3. Income generating Commercial Complex Loan | | | |
| | 4. Other Real Estate Loan (Including Land Purchase & Plotting) | | | |
| | b. Personal Home Loan of Rs. 10 million or less | 24689.97 | 26602.05 | 20058.32 |
| | c. Margin Type Loan | 22321.58 | 16978.80 | 19159.04 |
| | d. Term Loan | 4077.48 | 1317.00 | 1937.01 |
| | e. Overdraft Loan / TR Loan / WC Loan | 53862.66 | 58384.64 | 45227.52 |
| | f. Others | 198527.25 | 145326.33 | 184459.59 |
| 2.5 | Fixed Assets | 3241.14 | 2303.73 | 2616.07 |
| 2.6 | Non Banking Assets | | 8336.13 | 11455.51 |
| 2.7 | Other Assets | 34176.81 | 24641.80 | 25120.90 |
| **3.** | **Profit and Loss Account** | | | |
| 3.1 | Interest income | 20320.98 | 9258.06 | 29480.30 |
| 3.2 | Interest Expense | 12426.93 | 6592.00 | 12192.11 |
| **A** | **Net Interest Income (3.1-3.2)** | **7894.05** | **2666.06** | **17288.19** |
| 3.3 | Fees Commission and Discount | 21.50 | 5.50 | 974.31 |
| 3.4 | Other Operating Income | 1634.21 | 709.08 | 129.47 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | | | |
| **B** | **Total Operating Income (A+3.3+3.4+3.5)** | **9549.76** | **3380.64** | **18391.97** |
| 3.6 | Staff Expenses | 3163.27 | 1818.42 | 3970.73 |
| 3.7 | Other Operating Expenses | 3213.53 | 1730.53 | 2082.24 |
| **C** | **Operating profit Before Provision (B-3.6-3.7)** | **3172.96** | **-168.31** | **12339.00** |
| 3.8 | Provision for Possible Loss | 2640.29 | | 9314.43 |
| **D** | **Operating profit (C-3.8)** | **532.67** | **-168.31** | **3024.57** |
| 3.9 | Non Operating Income/Expenses (Net) | -3286.13 | | -30162.22 |
| 3.10 | Write Back of Provision for Possible Loss | 2011.48 | 1341.33 | 41492.03 |
| **E** | **Profit From Regular Activities (D+3.9+3.10)** | **-741.99** | **1173.02** | **14354.39** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | 26389.88 | | 696.43 |
| **F** | **Profit Before Bonus and Taxes (E+3.11)** | **25647.90** | **1173.02** | **15050.82** |
| 3.12 | Provision For Staff Bonus | 28.42 | | 1368.26 |
| 3.13 | Provision For Tax | 93.78 | | 4104.77 |
| **G** | **Net Profit/Loss (F-3.12 -3.13)** | **25525.70** | **1173.02** | **9577.79** |
| **4** | **Ratios** | | | |
| 4.1 | Capital Fund to RWA | 50.44% | 53.66% | 34.17% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 1.32% | 4.13% | 1.71% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 207.06% | 122.18% | 144.61% |
| 4.4 | Cost of Funds | 7.16% | 8.32% | 8.31% |
| 4.5 | CD Ratio (Calculated as per NRB Directives) | 52.01% | 51.15% | 61.14% |

**Note:** *If the statuory audit and supervisory authority notify any remarks to change the unaudited financial statement could be changed accordingly.*

## धितोपत्र दर्ता तथा निश्कासन नियमावली २०६५ को अनुसूची १४ नियम २२ को उपनियम (२) सँग सम्बन्धित

## आ.व. २०७२/०७३ को दोस्रो त्रैमासिक प्रतिवेदन

**१. वित्तीय विवरणः**

यस त्रैमासको वासलात तथा नाफा नोक्सान सम्बन्धी वित्तीय विवरण मिति २०७२ साल माघ १५ गते नागरिक राष्ट्रिय दैनिक पत्रिका अर्थात यसै प्रतिवेदनका साथ पत्रिकामा प्रकाशित गरिएको छ साथै यस संस्थाको वेभसाईट **www.pfltd.com.np** मा समेत राखिएको छ ।

**प्रमुख वित्तीय अनुपातहरुः**

| | | |
|---|---|---|
| प्रति शेयर आम्दानी रु. | : | १२.७५ |
| प्रति शेयर नेटवर्थ रु. | : | १००.०९ |
| प्रति शेयर कुल सम्पत्तिको मूल्य रु. | : | ३०१.०९ |
| तरलता अनुपात | : | ६७.४४% |
| **P/E Ratio** | : | ९.९८ |

**२. व्यवस्थापकिय विश्लेषण :**

**क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरणः**

- यस त्रैमासिक अवधिमा संस्थाको आम्दानीमा सामान्य परिवर्तन भएको छ भने तरलता तथा मौज्दातमा सामान्य परिवर्तन भएको छ ।

**ख) आगामी अवधिको व्यावसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरणः**

- संस्थाले तयार पारेको व्यावसायिक योजना अनुसार आगामी दिनमा खराब कर्जा व्यवस्थापन गर्ने, शाखा विस्तार गरि कारोबारमा बृद्धिका साथै मुनाफा वृद्धि गर्ने लक्ष्य लिएको छ । संस्थाले यस आ.व.को प्रथम त्रैमास भित्र ने. रा. बैंकले 'ग' वर्गका वित्तीय संस्थाका लागि तोकेको न्यूनतम चुक्ता पूँजी रु. बिस करोड पुर्‍याइसकेको छ तथा आ.व. २०७२/७३ को मौद्रिक नीति मार्फत तोकिएको चुक्ता पूँजी पुर्‍याउन पूँजी वृद्धि गरी कारोवारलाई वृद्धि गर्नको लागि हकप्रद शेयर निष्काशन गरिने छ भने आवश्यक परेमा उपयुक्त बैंक, विकास बैंक तथा वित्तीय संस्था हेरी मर्जर वा एक्विजिसनमा जान सक्ने निर्णय समेत अठारौं वार्षिक साधारण सभाबाट पारित भईसकेको छ ।

**ग) विगत अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना अवस्था आदी भएमा सो सम्बन्धमा विश्लेषणात्मक विवरणः**

- विगतको अनुभवमा यस संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने अवस्था घटना वा अवस्थाको लक्षण निम्न बमोजिम रहेका छन् :

क) देशको विद्यमान तरल राजनीतिक अवस्थाले पर्न सक्ने प्रभाव ।

ख) अधिक तरलताका कारण पर्न सक्ने असर ।

ग) महाभुकम्पको असरबाट सृजना हुन सक्ने स्वभाविक जोखिमहरु ।

**घ) कानूनी कारवाही सम्बन्धी विवरणः**

क) यस अवधिमा संस्थाको तर्फबाट/विरुद्ध कुनै मुद्दा दायर नभएको ।

ख) यस संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको सम्बन्धमा जानकारी नभएको ।

ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको सम्बन्धमा जानकारी नभएको ।

**४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषणः**

क) संस्थाको शेयर मूल्य धितोपत्र बजारको नीति नियम मुताबिक खुला बजारले निर्धारण गर्ने गरेको र सोही बमोजिम नै कारोबार हुने गरेको ।

ख) यस त्रैमासिक अवधिको शेयर कारोवार देहाय बमोजिम रहेको छ :

| | | |
|---|---|---|
| शेयरको अधिकतम मूल्य | : | १६१ |
| शेयरको न्यूनतम मूल्य | : | ११६ |
| अन्तिम मूल्य | : | १२६ |
| कारोबार भएको कुल दिन | : | १८ दिन |
| कारोबार भएको कुल संख्या | : | १६२८० |

**५. समस्या तथा चुनौतीः**

नेपालको वर्तमान अवस्थामा वित्तीय क्षेत्रमा देखिएको अस्वस्थ प्रतिस्पर्धा, राजनैतिक अस्थिरताको कारणबाट उत्पन्न असहज अवस्थाको कारणबाट लगानीका अवसरहरुका कमी, मूल्य वृद्धि तथा घर जग्गा, रियलस्टेटमा देखिएको मन्दी कायम नै हुनुले वित्तीय क्षेत्रमा पर्न सक्ने प्रभावहरु समस्या तथा चुनौतिको रुपमा लिएका छौं । उपरोक्त समस्या तथा चुनौतीहरुलाई काबु भित्र राख्न र अस्वस्थ प्रतिस्पर्धासंग सामना गर्नको लागि मानव संसाधनलाई चुस्त बनाई ग्राहकमुखि सेवा प्रदान गर्न दक्ष जनशक्तिको विकास गर्न र वित्तीय क्षेत्रमा देखिएको अस्वस्थ प्रतिस्पर्धाको समस्यालाई सहजरुपमा चुनौति दिन सक्ने परिस्थितिको सिर्जना गर्ने मुख्य रणनीति रहेको छ । त्यस्तै मिति २०७२/०१/१२ गते गएको प्रलयकारी महाभुकम्पको कारणले आर्थिक क्षेत्रमा पर्न सक्ने सम्भावित जोखिमहरुलाई व्यवस्थापन गर्नु पर्ने चुनौति रहेको छ ।

**६. संस्थागत सुशासनः**

**यस संस्थाले संस्थागत सुशासन अभिवृद्धिका लागि निम्न व्यवस्थाहरु मिलाइएको छः**

क) आन्तरिक नियन्त्रण कार्यको लागि संचालकहरु मध्येबाट लेखा परिक्षण समिति, जोखिम न्यूनिकरण तथा व्यवस्थापनका लागि जोखिम व्यवस्थापन समिति तथा व्यवस्थापन समिति गठन गरिएको छ ।

ख) सम्पत्ति जोखिमलाई न्यूनिकरण गर्नको लागि विभिन्न नीति निर्देशिकाहरु निर्माण गरी कार्यान्वयनमा ल्याईएको छ ।

ग) आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित गर्नको लागि आन्तरिक लेखापरिक्षकको व्यवस्था गरिएको छ, लेखापरिक्षकबाट त्रैमासिक रुपमा लेखापरिक्षण प्रतिवेदन लेखापरिक्षण समितिमा पेश गर्ने गरेको र सोमा देखिएको कैफियतहरुलाई सुधार गर्न संचालक समिति मार्फत व्यवस्थापनलाई निर्देशन दिने व्यवस्था मिलाइएको छ ।

**७. सत्य तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषणः**

आजको मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।